**Surkhet Journal**
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
**DOI:https://doi. org/10. 3126/surkhetj. v3i1. 84738**

# 'शूरवीरहरूको नरक यात्रा' निबन्धमा प्रस्तुत हास्यव्यङ्ग्य भावमा शैक्षणिक उपयोगिता

*Received on 18 July, 2025; Accepted on 4 September, 2025; Published on September, 2025*

**ओमप्रकाश आचार्य**
विद्यावारिधि, उपप्राध्यापक, जुम्ला बहुमुखी क्याम्पस, जुम्ला
https://orcid.org/0009-0000-4362-5156

## लेखसार

*नेपाली निबन्धको विकासक्रममा आधुनिक कालको दोस्रो चरणको उत्तरार्द्धमा सशक्त रूपले देखापरेको नेपाली निबन्धको हास्यव्यङ्ग्यात्मकता निबन्धकार केशवराज पिँडालीको निबन्ध लेखनगत प्रवृत्ति हो । वि.सं. २००४ देखि २०१६ सम्मको समयावधि नेपाली निबन्धको आधुनिककालको दोस्रो चरण हो । नेपाली निबन्धमा हास्यव्यङ्ग्य धारा केशवराज पिँडालीले खै खै निबन्ध (२०१६) का माध्यमबाट अँगाले । केशवराज पिँडालीको निबन्ध सङ्ग्रह खै खै (२०१६) मा सङ्ग्रहित निबन्ध 'शूरवीरहरूको नरकयात्रा' हास्यव्यङ्ग्य सँगसँगै यात्रा चेतले भरिएको निबन्ध हो । नेपाली हास्यव्यङ्ग्य निबन्ध र केशवराज पिँडाली अपरिहार्य नै मानिन्छ । निबन्धमा हास्य र व्यङ्ग्यका माध्यमबाट समाजमा परिवर्तन विकास र समृद्धि हुनपर्छ समाजका नकारात्मक पक्षलाई हटाउँदै जानुपर्छ, संकुचित सोच त्याग्नुपर्छ फराकिलो भएर अघि बढ्नुपर्छ भन्ने सन्देश दिने निबन्धकार पिँडालीको यस निबन्धमा रहेको हास्यव्यङ्ग्य भावको प्रस्तुति यसले सिकाएको पाठ, प्राप्त हुने ज्ञान, समग्र यात्रा प्रतिको चेत कस्तो छ भन्ने समस्यामा केन्द्रित भएर निबन्धमा रहेको हास्यव्यङ्ग्य भावमा यात्रा चेतको खोजी गर्ने उद्देश्यले अनुसन्धान गरिएको छ । गुणात्मक ढाँचाको यो अध्ययन वर्णनात्मक अध्ययन विधि अवलम्बन गरिएको यस लेखमा प्राथमिक र द्वितीय सामग्री स्रोतका माध्यमबाट सैद्धान्तिक आधारभूत अनुसन्धानात्मक ढाँचामा अनुसन्धान कार्य गरिएको छ । निबन्धकार 'शूरवीरहरूको नरक यात्रा' निबन्ध मूल सामग्री हो । यस सामग्रीलाई वैज्ञानिक अनुसन्धानात्मक रूपले हास्यव्यङ्ग्य भाव भित्र यात्रा चेतले प्राप्त हुने सिकाइको सूक्ष्म रूपले अध्ययन गरिएको छ । यात्राका बारेमा ज्ञान हुन आवश्यक रहेको कुरा सरकार सम्बद्ध निकाय र यात्रुलाई यात्रा चेतको ज्ञान यस निबन्धका माध्यमबाट पाठक वर्गले हासिल गर्दछन् ।*

**शब्दकुञ्जी :** भावात्मक, विचारात्मक, भौगोलिकता, आख्यानात्मक, आधुनिकता ।

## परिचय

साहित्यमा कान्छो विधाका रूपमा देखापरेको निबन्ध विधा आख्यान, नाटक र कविता विधा जतिकै फस्टाएको छ । निबन्ध साहित्यको पाठ्य श्रव्य भेदमध्ये आख्यानात्मक र आख्यानेत्तर विधामा विभाजित हुने गर्दछ । निबन्ध स्वतन्त्र साहित्यिक विधा हो । निबन्धमा विषयवस्तु, भाषाशैली र उद्देश्य अनिवार्य रूपमा बोधात्मक रूपले रहने गर्दछ । निबन्ध आत्मपरक वैयक्तिक, भावात्मक विचारात्मक एवम् वस्तुपरक साहित्यिक, अन्य साहित्यिक वर्णनात्मक, विवरणात्मक एवम् विश्लेषणात्मक प्रकृतिको हुन्छ । नेपाली साहित्यमा निबन्ध लेखनको प्रारम्भ पृथ्वीनारायण शाहको राज्य एकीकरणको अभियानसँगै भएको पाइन्छ । नेपाली निबन्धको पहिलो कृति दिव्योपदेश (वि.सं. १८३१) हो । नेपाली निबन्धको विकासक्रम तीन कालखण्डमा रहेको छ । प्राथमिक काल (वि.सं. १८३१-१८५७) माध्यमिक काल (वि.सं. १९५८-१९९०) र आधुनिक काल (वि.सं. १९९१-हालसम्म) (भण्डारी, २०६५ पृ. २८३) । आधुनिक काल पनि तीन चरणमा विकसित हुँदै आएको छ । पहिलो चरण आधुनिकताका प्रारम्भ निजात्मक भावात्मक र काव्यात्मकको आभास रहने दार्शनिक, तार्किक, वैचारिक एवम् वस्तुपरक निबन्ध लेखनको चरण हो । यो वि.सं. १९९१ देखि २००३ सम्मको समयावधि मानिन्छ । त्यस्तै गरेर दोस्रो चरण वि.सं. २००४ देखि २०१६ सम्मको समयावधि हो । यसमा रागात्मकता, प्रतीकात्मकता, हास्यव्यङ्ग्यात्मकताको बाहुल्यता रहेको छ । तेस्रो चरण वि.सं. २०१७ देखि हालसम्मको समयावधि हो । यसमा दुरुहता र व्यङ्ग्यात्मकताको प्रस्तुतिसँगै अमूर्त, वैचारिक, बौद्धिक प्रयोगवादी चेतनप्रवाह पद्धतिको प्रयोग भएको छ । यसरी विकसित हुँदै आएको नेपाली साहित्यमा निबन्ध विधा लोकप्रिय र प्रभावशाली भइसकेको छ । आधुनिक कालको दोस्रो चरणमा समाजमा देखिएका विकृति विसङ्गतिप्रति हास्यव्यङ्ग्यका माध्यमबाट अभिव्यक्ति प्रस्तुत गर्न अवलम्बन गरिएको हास्यव्यङ्ग्य प्रवृत्ति नेपाली निबन्ध लेखनको मौलिक प्रवृत्ति/ धार हो ।

नेपाली समाजमा रहेको विकृति र विसङ्गति, अन्याय/अत्याचार कुरीति र कुप्रथालाई हास्यव्यङ्ग्यका माध्यमबाट उल्लेख गर्न नेपाली निबन्धमा प्रगतिवादी विचारधारासँगै हास्यव्यङ्ग्यात्मकता भित्रिएको छ । हास्यव्यङ्ग्य निबन्ध कै एक उपविधा भएकाले निबन्ध कै विकासकामा हुन्छ (ओझा, २०७१, पृ. २२१) केशवराज पिँडालीको खै खै निबन्ध (वि.सं. २०१६) प्रकाशित भएपछि हास्यव्यङ्ग्य प्रवृत्तिले बढी स्थान पाएको छ । वि.सं. २००४ मा बनारसबाट प्रकाशित हुने युगवाणी पत्रिका र नेपालबाट प्रकाशित हुने साहित्यस्रोत पत्रिकाले नेपाली निबन्ध प्रकाशनमा खेलेको उल्लेख्य भूमिका ऐतिहासिक छ । भारती (वि.सं. २००६), पुरुषार्थ (वि.सं. २००६), प्रभात (वि.सं. २००७), प्रगति (वि.सं. २०१०), गोर्खा (वि.सं. २०११), नौलो पाइलो (वि.सं. २०१३) जस्ता पत्रिकाले निबन्ध विकासमा टेवा पुर्‍याएका छन् । यस क्रममा निबन्धकार हृदयचन्द्र सिंह प्रधान, रामकृष्ण शर्मा, शिवकुमार राई, श्यामप्रसाद शर्मा, बदरीनाथ भट्टराई, गोविन्दप्रसाद लोहनी, कृष्णबम मल्ल जस्ता सुप्रसिद्ध निबन्धकारहरू देखापरेका छन् । श्यामप्रसाद शर्माको तँ तिमी तपाइँ हजुर (वि.सं. २०१४), कमल दीक्षितको यस्तो पनि (वि.सं. २०१४),

केशवराज पिँडालीको खै खै (वि.सं. २०१६) सशक्त रूपले देखापरेका छन् । पिँडालीको खै खै निबन्ध सङ्ग्रहका रूपमा प्रकाशित भएपछि 'शूरवीरहरूको नरक यात्रा' खै खै निबन्ध सङ्ग्रहमा सङ्गृहीत छ । नेपाली साहित्यको निबन्ध विधा अन्तर्गत हास्यव्यङ्ग्य निबन्धका रूपमा 'शूरवीरहरूको नरक यात्रा' अग्रणी रूपमा देखापरेको छ । यो निबन्ध पिँडालीको हास्यव्यङ्ग्य मात्र हो या यसमा अरू कुनै सन्देश, चेत उल्लेख भएको छ भन्ने सम्बन्धमा अनुसन्धान गर्न आवश्यक भएकोले हास्यव्यङ्ग्य भावमा प्राप्त हुने सिकाइ, यात्रा चेतको खोजी गरिएको छ । कुन रूपमा कसरी हास्यव्यङ्ग्य सिर्जना भएको छ? त्यो हास्यव्यङ्ग्यभित्र के सन्देश छ सन्देशभित्र कस्तो ज्ञान प्रवाह भएको छ भन्ने सम्बन्धमा अध्ययन हुन आवश्यक भएकाले यस लेख मार्फत अनुसन्धान गरिएको छ । हाम्रो देश नेपाल विकासोन्मुख गतिमा रहेको छ । सडक यातायातको मार्ग बन्दैछ सडक सञ्जालको तीव्र विकास हुँदैछ । यसको अवस्था के छ यसलाई कसरी प्रयोग गरिनुपर्दछ भन्ने सम्बन्धमा यस निबन्धमा यथार्थपरक रूपले घुमाउरो तरिकाले स्पष्ट पार्न खोजिएको विषयवस्तुमा आधारित भएर शूरवीरहरूको यात्रा कस्तो रह्यो ? यात्रा नरकमय या आरामदायी कुन रूपमा रह्यो ? यात्रा कस्तो हुनुपर्थ्यो यात्राका सबल पक्ष र दुर्वल पक्ष के के छन् ? यसका कमीकमजोरी कस्ता छन् ? यस्ता कठिनाइका मुख्य स्रोत के हुन् यसलाई सहज बनाउन कसले कुन रूपमा रहेर के गर्नुपर्छ भन्ने सम्बन्धमा समसामयिक, जनसरोकारको विषयवस्तुमा आधारितभई निबन्धको सूक्ष्म ढङ्गले हास्यव्यङ्ग्य भाव यात्रा चेत प्राप्त सिकाइमा केन्द्रित भएर अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन नेपाली निबन्धको हास्यव्यङ्ग्य धाराको थालनी एवम् लोकप्रिय निबन्ध 'शूरवीर हरूको नरक यात्रा' मा देखिएको हास्यभाव, व्यङ्ग्यभाव यसबाट प्राप्त हुने सिकाइ र यात्रा चेतको गहिरो अध्ययन भएकाले यसले नेपालको साामजिक, आर्थिक, राजनीतिक गतिविधिको समेत स्पष्ट रेखाङ्कन गरेको छ । नेपाली समाजको यथार्थता, सामाजिक संस्कार, विकासी प्रवृत्तिका सम्बन्धमा केन्द्रित भएर गरिएको लेखन भएकाले यसमा रहेको भावलाई खोजी गर्न यतिको अन्य कुनै पनि कृति नभएको देखिन्छ । यति महत्वपूर्ण र समसामयिक विकास प्रवृत्तिलाई अध्ययन गर्न  आवश्यक भएकाले यस निबन्धमा 'शूरवीरहरूको नरक यात्रा' को विवरण, वर्णन, हास्यभाव, व्यङ्ग्यभाव,प्राप्त हुने ज्ञान र यात्रा चेतका बारेमा अध्ययन गर्न अत्यावश्यक देखिन्छ । हास्य र व्यङ्ग्यभित्र ज्ञान चेतनाको स्तर उस्किनुपर्दछ । यदि त्यसो भएन भने हामी विकसित समृद्ध र परिवर्तनलाई स्वीकार्न सक्दैनौ । त्यसका लागि आगामी दिनमा कसरी अगाडि बढ्नुपर्दछ भन्ने सम्बन्धमा समेत यस निबन्धमार्फत देखापरेका यावत् पक्षको अध्ययन आवश्यक भएकाले यहाँ 'शूरवीरहरूको नरक यात्रा' मा हास्य र व्यङ्ग्य भावमा प्राप्त हुने सिकाइ र यात्रा चेतको अध्ययन गरिएको छ ।

'शूरवीरहरूको नरक यात्रा' निबन्धमा भएका विश्लेषण नेपाली निबन्धको ऐतिहासिकता निबन्धमा हास्यव्यङ्ग्य प्रभाव, नेपाली निबन्धको विकासक्रमका सम्बन्धमा भएका अनुसन्धानात्मक कार्य अनुसन्धानात्मक लेख शोधग्रन्थहरूको पुनरावलोकन गरिएको छ । यी भएका सबै पूर्वकार्यहरूमाा कोरा

विश्लेषण एवम् ऐतिहासिकताको खोजी मात्र गरिएको छ । यी आधारमा रहेर प्रस्तुत निबन्धमा यस्ता चेतको खोजी गर्न मद्दत पुगेको छ । निबन्धकार पिँडालीको शूरवीरहरूको नरक यात्रा निबन्धमा रहेको हास्यव्यङ्ग्य भाव र त्यसमा भएको यात्रा चेतको अध्ययन भएका अन्य अध्ययनभन्दा नयाँ अध्ययन हो । यसबाट नेपालको यातायात व्यवस्था नेपाली सडक सञ्जाल, यात्रुले भोग्नुपरेको सास्तीका सम्बन्धमा अध्ययन गर्न सहयोग पुगेको छ । यो अध्ययन निबन्धकार केशवराज पिँडालीको 'शूरवीरहरूको नरक यात्रा' निबन्धको हास्य व्यङ्ग्यभाव, प्राप्त हुने सिकाइ र यसमा रहेको यात्रा चेतका सम्बन्धमा मात्र केन्द्रित भएर अध्ययन अनुसन्धान गरिएको छ । यस अध्ययनमा निबन्धले प्रस्तुत गरेको हास्यव्यङ्ग्य भाव आर्जन हुने ज्ञान र त्यसमा देखापरेको यात्रा चेतका सम्बन्धमा मात्र अध्ययन विश्लेषण एवम् खोज गरिएको छ । यस अध्ययनको उद्देश्य भनेको 'शूरवीरहरूको नरक यात्रा' निबन्धमा रहेको हास्यव्यङ्ग्य भावको खोजी, प्राप्त हुने ज्ञान एवम् यात्रा चेतको खोजी गर्नु हो । कुन प्रसङ्गमा हास्यभाव देखापरेको छ ? कुन प्रसङ्गमा व्यङ्ग्यभाव देखापरेको छ ? एवम् रीतिले समग्रतामा यसबाट कस्तो ज्ञान हुन्छ, यात्रा चेत कस्तो रहेको छ ? कस्तो हुनुपर्छ भन्ने कुराको खोजी यस अनुसन्धानात्मक लेखको उद्देश्य हो ।

## अध्ययन विधि

यो अनुसन्धानमूलक लेख गुणात्मक ढाँचामा रहेको छ । अध्ययनका सामग्री स्रोत प्राथमिक र द्वितीय नै छन् । मुख्यतः वर्णनात्मक विधि नै यस अध्ययनको प्रमुख अध्ययन विधि रहेको छ । अध्ययनको सामग्री नै प्रस्तुत 'शूरवीरहरूको नरक यात्रा' निबन्ध नै हो । यस निबन्धको अध्ययन पश्चात् व्यक्त भावका आधारमा हास्यव्यङ्ग्य भाव सिकाइ हुने क्षेत्र, यसले दिने यात्रा चेतको खोजी गरिएको छ । खोज सम्बद्ध सामग्रीलाई विवरणात्मक वर्णनात्मक रूपले व्याख्या विश्लेषण गरिएको छ ।

## 'शूरवीरहरूको नरक यात्रा' निबन्धको विश्लेषण

यस अध्ययनमा निबन्धको विषयवस्तु, विषयवस्तुमा रहेको हास्यभाव, व्यङ्ग्यभाव र त्यसमा रहेको यात्रा चेत र प्राप्तहुने सिकाइका सम्बन्धमा विश्लेषण गरिएको छ ।

### निबन्धको विषयवस्तु

यो एक यात्रा संस्मरणात्मक निबन्ध हो । यो कथात्मक ढाँचामा लेखिएको निबन्ध हो । यसमा निबन्धकारले आफूले गरेको यात्राका बारेमा उल्लेख गरेका छन् । सधैँजसो हवाइजहाजको मार्ग प्रयोग गर्ने लेखक यस पाली मोटरबाटो खुलेपछि अमलेखगंजदेखि काठमाडौँसम्म आउनका लागि नवनिर्मित त्रिभुवन राजपथको बाटो हुँदै काठमाडैँसम्म आउनका लागि अमलेखगंजबाट बसमा चढेर काठमाडौँ आउन थाल्छन् । यात्राको क्रममा विभिन्न व्यक्तिहरूसँग भेटघाट वार्तालाप र भलाकुसारी हुन्छ । बसका यात्रुहरू एक आपसमा एकै छिनको परिचयबाट एक आपसमा नजिकिन पुग्छन् । अमलेखगंजदेखि काठमाडौँसम्मको यात्रा हुनथाल्छ । भैंसे भन्ने स्थानमा उत्रेर सबै यात्रुले आ-आफ्नो रुचिअनुसार खाने

कुरा खान बस क्लिनरले सूचना गरेको सोही अनुसार सबैजना कोही हलुवाई खान त कोही दाल भात खान त कोही जाँड भट्टीमा लाग्दछन् । यात्रुहरूबीच एक आपसमा वार्तालाप हुँदै जाँदा भूगोलको चर्चा, सडक निर्माणका सन्दर्भमा हुनुपर्ने कुराका सम्बन्धमा रमाइलो तरिकाले प्रस्तुत गरिएको छ । घुमाउरो बाटो घच्याक्क र घुचुक्कको स्थितिले सडक निर्माणका सम्बन्धमा रहेका सम्भावनालाई लिएर यात्रुहरूमाझ थुप्रै बहस छलफल चलेको हुन्छ । हिन्दुस्थानको बाटो त बनाए कै हो बहादुरले (भण्डारी, २०६५ : ३३५) । त्यो डरलाग्दो पहाडि बाटो, साँघुरो अवस्था कच्ची ग्रावेल सडक यात्राका लागि जोखिम नै रहेको अनुभूति गर्दै घर परिवार सम्झेर आफ्नो कारोवार समेत बताउने गरे नगरेको प्रसङ्ग पनि हास्यास्पद रूपमा व्यङ्ग्यात्मक ढङ्गबाट गरिएको छ । "ए सेठ आफ्नो व्यापारको हिसाकिताव भाइ छोरालाई राम्रो बुझाएर आएका छौं कि छैनौ ? यो बाटोको भरोसा छैन है हेर" भन्ने जस्ता अभिखव्यक्तिले बाटो असुरक्षालाई इङ्गित गरेको छ । यात्रा बढ्दै जान्छ । निबन्धमा रहेका यात्री मारवाडी पात्रले सुरु गरेको ह्वालह्वाल्ती उल्टी सबैका लागि छि छि र दूरदूर भएको छ । ड्राइभर आफ्नै तालमा बस हुइक्याउन व्यस्त रहेको छ । यात्रुहरूले गाडी रोक्न  भन्दा पनि नरोकेको उल्टै गाडी पल्टिएका विचार गरेर हल्ला खल्ला गर्नुहोस् भन्दै गाडी हुइक्याएको सन्दर्भ उल्लिखित छन् । यात्रुहरू एक स्वरमा कराउँदा पनि ड्राइभरले उल्टी छेराउनी केही नभई यो गाडी लागेको हो । गाडी जहाँ पायो त्यही रोकिन्न भन्दै गतिमा गाडी अगाडि बढाउँदा बस क्लिनर यात्रुले उल्टी गरेको देखेर गाली गर्न थाल्छ । क्रमशः यात्रुहरू वान्ता गर्न थाल्दछन् । एक जना महिला आफ्नो पछ्यौराको तालमा वान्ता गरी गुटुमुटु पर्छिन् । महिला नजिकै रहेका अर्का यात्रु पनि ह्वालह्वाल्ती फाल्न  थाल्छन् । यात्रु दाह्रीवाल पण्डित छन् । उनले हुङ्कार फिजाउँछन् कि यात्रुहरू हुतिहारा भए भन्दै "हअैन आजभोलिका मान्छे किन यी भएका जस्ता अलिकति केही भयो कि पग्लनै थाल्ने । कस्ता नामर्द र पानीआन्द्रे परेछन् आजका प्यासेन्जर (भण्डारी, २०६५ : ३३७) । सहने शक्ति त रत्तीभर पनि छैन लौ यिनमा रसियाका कुकुर पनि रकेटमा आनन्द अन्तरिक्षमा घुमेर फर्कन्छन् । यी हाम्रा हुतिहारा मोटरमा बसेर आठ हजार फिटको एउटा डाँडो चढ्दा सिद्धिए जस्ता छन् ।" भन्दै यात्रुको अवस्था देखेर तिरस्कार गर्दछन् । उता लेखक मौन छन् । सबै यात्रुहरू शिथिल छन् । यात्रा जारी छ । यात्राको प्रारम्भमा जुन जोश जाँगर र वातचीतको परिवेश थियो यो अहिले छैन । बस सिमभञ्ज्याङको नजिक हुँदै अगाडि बढ्छ ।

निबन्धकार त्यहाँको मनोरम दृष्यको वर्णन गर्दछन् । यात्रुहरू माझ याक्क र प्याक्क चलिरहेकै छ । यात्रुले बस रोक्न भनेका छन्  तर ड्राइभर मान्दैन । बरु यही ओर्लने नजाने बस रोक भन्दा पनि एक सुरो भएर बस हुँइकी रहेको छ । बसमा जोगी यात्री पनि छन् बम शङ्कर वाला फतफताउँदछ । बसमा कुकुर पनि छ यो सबै देखेर कुकुर सेठको मुख चाट्न पुग्छ सेठको मखु चाट्दा सेठले आफ्नो घर परिवारका सदस्य सेठनीको प्यार सम्झिन्छ 'सेठाणी तुँ कट्ठे ईहै' आफ्नो कारोबार सम्झिन्छ । यात्रुहरू सबै यो परिवेश देखेर हास्छन् । बस पालुङ पुग्ने बलाभयो जोगी ड्राइभरलाई पालुङमा बस रोक्न आग्रह गर्दछ र तर ड्राइभर मान्दैन एकोहोरो काठमाडौं मात्र रोक्ने कुरा व्यक्त गर्छ । 'तेरो कब्जामा छौं । तेरो

मर्जी' ड्राइभरको हातमा भएपछि कसको के लाग्ने भन्दै सबैजना चुप लाग्दछन् । गाडी पुरै दुर्गन्धित छ, सबैजना ढलेका छन् गाडी नौबिसेको उकालो लाग्छ गाडीको कुनाको सिटमा बसेकी एक महिलाले बच्चा जन्माउछिन् शिशुको चिटका आउँदा जोगी बम शङ्का भन्दै भाग्यमान बच्चा नरकमा हुन्छ भन्दै कराउन थाल्छ। स्वर्ग र नरकको चर्काचर्कीसँगै बस थानकोट आइपुग्छ। बस काठमाडौँको त्रिपुरेश्वरमा रोकिन्छ। सबै यात्रुहरू झर्न थाल्छन् निबन्धका बाहेक सबै यात्रु आलस तालस भएका छन्। लेखकलाई लिन श्रीमती आइपुग्छिन्। बस भित्र मुन्टो राखेर झोला झिक्न खोज्दा ह्वासै गन्हाएको दुर्गन्धले उनी पनि वान्ता गर्छिन् । निबन्धकारले नगरे पनि अर्को प्रतिनिधित्व श्रीमतीले वान्ता गर्न पुग्छिन् । यो देखेर ड्राइभर झोक्किन्छ। बाटाका मान्छे समेत आएर वान्ता गर्ने ठाउँ यही भयो भन्दै गर्दा लेखकले वस्तुस्थिति बताएर माफ माग्दै श्रीमतीलाई डोऱ्याएर बसबाट झर्दै घरतिर लागेको प्रसङ्ग उल्लेख गर्दै यात्रा वृत्ततान्तमा रहेको यो निबन्धमा लेखक सम्झदै त्यो बेला सँगै यात्रा गरेका यात्रुहरू आजकहाँ होला। के गर्दै होलान् र तिनीहरूको अवस्था कस्तो होला भन्ने कल्पनासमेत गर्न पुग्छन्।

निबन्धको विषयवस्तु यात्रा स्मरण रहेको छ । नेपालको सडक यातायातको पूरावस्था, यात्रीको सास्ती, यातायात व्यवसायीको मनोपली प्रतिको नाङ्गो रूप पुस्तुत गरिएको छ । प्रस्तुत निबन्धका माध्यमबाट निबन्धकार सुविधा भोगी यातायातका सट्टा डर भय र त्रासको यातायातले गर्दा सडक यात्रा नरक यात्रा सरह भएको भाव व्यक्त गर्दछन्। मोटर बाटो  खुलिसकेको छ। अब किन उड्ने गरुँ भन्दै उत्साहित परिवेशमा एक्कासी यात्राले सबै जाँगर हराउन थाल्छ तथापि अमलेखगंज देखि काठमाडौँ सम्मको यो यात्रा शूरवीरहरूको नकर यात्रा नै भयो। भन्ने ठानेका छन्। यात्री शूरिला थिए तर बाटोको कारण बस सञ्चालकको ठेकदारीपनले यात्रा कठिन हुन गएको जसले ज्यान कठिन हुने विडम्वना यहाँ उल्लेख गरिएको छ । यसतर्फ नराज्य जिम्मेवार ढङ्गले लागेको न बस व्यवसायी नै लागेका यस्तै यात्रामा यात्रा गर्न बाध्य भएका यात्रुको मनोदशा बाध्यता प्रति लेखेको आक्रोश समेत छ ।

## विचार

'शरूवीरहरूको नरक यात्रा' निबन्धकार केशवराज पिँडालीको यात्रा संस्मरणात्मक निबन्ध हो । निबन्धकारले यात्राका क्रममा भोगेका भोगाईलाई प्रस्तुत गरेका छन्। हवाइ जहाजको यात्रा गरिरहेका लेखक मोटर बाटो खुलेपछि अमलेखगंज देखि काठमाडौँ सम्मको यात्रा मोटरबाट गर्ने निर्णय गर्छन्। मोटरबाट काठमाडौँ सम्मको यात्रामा भएका गतिविधिलाई कथात्मक रूपमा प्रस्तुत गरे पनि निबन्धले नेपालको राजधानी काठमाडौँ आउँदा सडक यातायातको दयनीय अवस्थाको उजागर गरेका छन् । अव्यवस्थित पन लापरवाही रूपमा मानिस ओसार्ने प्रवृत्ति रहेको सडक मार्गप्रति तीब्र व्यङ्ग्यको विचार व्यक्त भएको छ। कच्ची सडक, लापरवाही हेलचेक्र्याई तवरको बस सञ्चालन मुनाफा केन्द्री यातायात प्रति क्रोध प्रकट गरिएको छ । बसको यात्रामा जान पाइने भयो भनेर उत्साहका साथ अमलेखगंजबाट बस चडेका यात्रुहरू बीच बाटोमा धरपकड हुँदै आलस तालसका साथ समय कुर्दै काठमाडौँ जमलभन्दाबीच बाटोमा नै ओर्लन खोज्दा पनि ओर्लन नदिइ पशुवत व्यवहारमा भेडा बाख्रा

थुनेर एकस्वरमा काठमाडौँ ल्याउने बस चालक बस क्लिनर, सरकारको नीति, धुलाम्य कच्ची घच्याक र घचुक्कको सडक अवस्था मानिसको यात्रुको जीवन माथिको हेलचेक्याइ भएकोले यातायातका क्षेत्रमा तत्काल व्यवस्थित परिपाटीको थालनी गरिनुपर्ने आवाज निबन्ध मार्फत रहेको छ । सकसपूर्ण यात्रामा पनि मनोरञ्जनात्मक रूपमा हाँसो गर्दै बढेका यात्रुले जोखिमा नै यात्रा गरेका छन् । कच्ची बाटो विदेशी अनुदानबाट निर्माण गरिएको त्यसमा पनि घुमाउरापनले यात्रुहरू भन्न पुग्छन् । जाबो नौ कोसको बाटोलाई घुमाउँदा घुमाउँदा पचास कोसको बनाउनु" नेपालको विकास प्रणालीको भाव पनि निबन्धमा रहेको छ । त्यति डरलाग्दो बाटो, त्यसमा पनि वाक्वाकीले दुर्गन्धित गाडीमा बलजवस्ती धैर्य गरेर यात्रा गर्दा हाँसो र मजाकमा गरिरहेका यात्रु, नेपाली सामाजिकीकरण एकैछिन आत्मिक, भावात्मक हुने अरूको दुःखमा थप हासौँ थप्ने प्रवृत्ति पनि निबन्धले खोलेको छ । नेपाली जीवनशैली, नेपालको विकासे तौर तरिका, भएको विकासलाई स्वीकार गर्दै खोजेको सुविधा, सुविधा भन्दा पनि भइरहेको दुविधा जीवन र मरणको दोसाँधको यात्रा, यात्रामा भएको दुखदायी परिस्थिति, यातायात व्यवस्थापन, बस सञ्चालनको रवैयापन अमानवीय व्यवहार एकछिन मात्र सास फेर्न तलझरेर जाने नजाने निधो गर्नु मर्नु न बाच्नुको स्थिति, नाफाखोरी व्यवसाय भएका विकृति र विसङ्गतिको पर्दाफास गर्नु यस निबन्धको मूल ध्येय हो । व्यापारीहरुको धनप्रतिको लोभ र मोहलाई निबन्धमा व्यक्त गरिएको छ (भण्डारी, २०६५ : ३४१) । दीगो विकास सम्पन्नता र समृद्धिमा हातेमालो गरिनुपर्दछ । विकासका नाममा सास्तीको कर्म सर्वसाधारणलाई दिइने पीडा असह्य हुन्छ भन्दै राजधानी जोडिने यस्ता देशभरिका तमाम सडक सञ्जाललाई व्यवस्थित गरिनुपर्छ । बस व्यवसाय नाफामुखीका होइन सुविधामुखी भएर पनि जानुपर्छ । जीउ ज्यानको प्रवाह नगरी पशुवत व्यवहार त्याग्नुपर्छ । विकासमा विनास भित्र्याउनु हुँदैन भन्ने सशक्त विचार यस निबन्धमा रहेको छ । त्यति कठिन हुँदा पनि यात्रा गरेर अमलखेगंज देखि काठमाडौँ सम्म आइपुगेकोमा लेखक धन्य मान्दछन् । यात्राका क्रममा भएका गतिविधि नियाल्दै बसेका निबन्धकार बाहेक अरू सबै वाक्क र ट्यारका भागी नै भए । यात्राको प्रारम्भमा शूरवीर देखिएका यात्राको मन्तव्य सकिएपछि स्याल झै भएकोमा निबन्धकारलाई दया लागेर समेत आएको छ । "शूरवीरहरूले भरिभराउ त्यस बसमा नजाने कुरा दशा हो भन्दा ... दिएछ" यस्ता शुरवीरहरूको यस्तो यात्रा साच्चिकै नरक यात्रा हो । यात्रा त आन्ददायी आरामदायी हुनुपर्ने हो । यो त कतिखेर यात्रा सकिएला भनेर समय कुरेर बस्नुपर्ने नारकीय यात्रा वृतान्तको वस्तुपरक दृष्य प्रस्तुत गर्नु पनि यस निबन्धको अर्को वैचारिक पक्ष हो । समग्र नेपालको नै वस्तुस्थिति, नेपाली समाज, नेपाली जीवन शैलीप्रतिको बलियो विचार हो । यसै निबन्धका माध्यमबाट नेपाली वीर नै हुन यति कठिन मोडमा जटिल तवरले यात्रा गर्ने वर्तमान समयमा पनि सान्दर्भिक तवरले मेलखान जान्छ । यसको व्यवस्थापनमा सम्बद्ध निकाय, सरकार बेवास्ता भएर रहेको मा समयमा नै सचेत र उचित व्यवस्थाका लागि यस्तो यति र प्रणाली विकास गरी यस्तो नारकीय यात्रा अन्त्य गरिनु पर्छ भन्ने सन्देशयुक्त विचार समेत यस निबन्धको सशक्त रूपले रहेको छ । यस निबन्धले समग्र यात्रा चेतको अवस्था व्यवस्थानको समेत बुलन्द स्वर व्यक्त गरेको छ ।

**हास्यभाव**

उत्साहप्रद ढङ्गबाट तय गरिएको यात्रा मनोरम तरिकाले प्रारम्भ भएको छ। खिटिक्क भयो कि त "छैन मायालु" । घुइअँ गरेर प्राकृतिक छटा अवलोकन गर्दै जानु कता कता असल" भन्दै हवाइ जहाजको यात्रा भन्दा बसको यात्रा नै उपयुक्त लागेर अमलेखगंज गएर घरपरिवारलाई खवर गरेर बस यात्रा गरेको प्रसङ्गबाट निबन्धकारले निबन्धको सुरुवात गरेका छन् । यात्रुले भरिभराऊ बस यात्रु चिरपरिचति हुँदै यात्रामा लाग्छन् । भैंसेमा पुगेपछि खाना नास्ताका लागि बस क्लिनरले गरेको उद्घोष रोचक नै रहेको छ । क्लिनरको निर्देशन पालना गर्दै यात्रुले रुची अनुसारको खाना खाएर डकार्दै आएको बस यात्रामा अगि बढ्दै गएपछि यात्रु बीच बाटोका बारेमा, प्राकृतिक सुन्दरताका बारेमा रहेको चर्चा लाई हाँसोमा लगिएको छ । सडक बाटो भन्दा छेडेर बाटो बनाएको भए जोखिम कम हुने भन्दै बाटाका अन्य विकल्पका सम्बन्धमा समेत चर्चा चल्न थाल्दछ। बाटो अप्ठ्यारो भएकाले घर परिवार, आर्थिक लेनदेन सम्मको सोच विचार मनमा अनेकथरी चलेका तर्कमा समेतको प्रस्तुतिले यात्रुबीच भावात्मकता एवम् ठट्यौलीपना देखिएको छ। कुरा गर्दा गर्दै खाना पछिको यात्रासँगै सेठभन्ने यात्रुले गरेको वान्ताबाट छि छि र दुर दुर चल्न थालेको छ । यसमा सेठको पीडामा अन्यलाई हाँसो मनोरञ्जनको विषय बनेको छ। ड्राइभर हल्ला सुनेर चुप लाग्न चर्को आवाज गर्दछ। हैजा नै रूपमा त नभएको भन्ने आँकलन मै यात्रुहरू गाडी रोक्न आग्रह गर्दछन् तर ड्राइभर एकाहोर चलाइरहन्छ। प्रयुक्त भाषा पनि हास्यस्पदनै छ। छेराउटी सेटाउटी केही होइन मोटर लागेको भन्ने भनाइले सबैमा गलत हाँसो छाउँछ । उकालो चढी रहेको बस रोक्न नमिल्ने उल्लेख गर्दै बस हुइकिएको छ । बस विस्तारै दुगन्धित हुन थाल्यो बस क्लिनर चिच्याउन थाल्दा एक एक गरेर सबैमा वाक्क र ट्यार सुरु हुन्छ। महिला पुरुष सबैमा वान्ता रोग लाग्छ। सबैमा सुनसान बस सन्नाटा हुन्छ। बस ओरालो लाग्दा पनि हुक्कर हाक्क भइनै रहन्छ । कतिपयले त काठमाडौं नजाने तर यही ओरालीदिन समेत भनेका छन् तर कसैको केही प्रवाह नगरी एकहोरो बस हुइक्याइ रहेको हुन्छ । बसमा यात्रा गरिहेको जोगी समेत छटपटिएको हुन्छ । "बम शङ्कर" भन्दै सम्पूर्ण गतिविधि निपाली रहेको छ । बसयात्राकै एक कुकर छ । कुइकिदै सेठको गालामा चाट्छ् । कुकुरलाई नचिनेर घरको आफ्नी श्रीमती भएको ठानी आफ्नै भाषामा सेठ कराउन थाल्छ । यस दृष्यले थप सब हाँसो मम बन्न पुग्छ । दुःख पीडामा पनि हासो फुटाउँदै यात्रा गरेकोमा नेपालीमा रहेको शूरवीरमा, धैर्यपन र दुख सहनशीलताको समेत उच्च मूल्याङ्कन गरिएको छ । साहारा नपाएर भरिन्छ कि भन्ने चिन्तामा रहेको सेठले कुकुरलाई आफ्नो मान्छे ठान्दै मनका कुरा खोल्नुले यात्रा कति सकसपूर्ण रहेछ भन्ने कुराको पूर्वानुमान गर्न सकिन्छ । आसमा चल्ने नेपाली समाज बस चल्दै गर्दा एक ठाउँमा नरोके बाँकी फेरी फलानो ठाउँमा नपक्कै पनि रोकिन्छ होला भन्दै औंला गन्दै बसेको स्थितिले जेलयात्राको महसुस यात्रुलेगरेका छन् । त्यही भएर नै नकरयात्राको नामाकरण दिइएको छ। यात्रुहरूमा ऐत्या आमा! ऐआ बाबा, हेररामको अतिनाद चलिरहेको छ । खाएपछि वान्ता गर्छन् भन्ने हेतुले चालक बस नै रोक्दैन । यात्रा कै क्रममा बसकै कुनाबाट एक नवराज शिशुको आवाज आउँछ । नरकको यात्रामा शिशुजन्मनुले राम्रो नभएको प्रश्न

पाउने विषयवस्तुको चर्चा चल्दछ। थानकोट आइपुग्छ। यात्रुमा आस पलाउँछ। "वाक वाकको हुँकार भने गजब कै थियो मानू कुनै एक वृहत् कवितासम्मेलमा रसिक कविको रसिलो गेडामा श्रोताको वाह् वाह्" भन्ने यक्तिले यस्तो वान्ताको पुरै वातावरण रहेको कुरा समेत उल्लेख हुँदा थप हाँसो बनेको छ। धौ धौ गरेर धेरै कष्ट सहेर त्रिपुरेश्वर पुग्छन्। सबै यात्रुहरू धपेडिएका छन्। उनीहरू शिथिल छन्। बाचेको आभाष गर्छन्। यात्राका मनमा भरिन्छ कि चिन्छ भन्ने अनिश्चितता गरिएको यात्रा दुख दायी छ। त्रिपुरेश्वरमा सबै बसबाट ओलेर घर तर्फ जाँदै गर्दा निबन्धकार छ। श्रीमती लिन त्रिपुरेश्वर आएकोमा बस भित्र पहना साथ वान्ता गरेकोमा बाटाका मान्छे समेत गाडीमा आएर वान्ता गर्ने भए भन्दै ड्राइभर झोक्किनुले निबन्धकारले वस्तुस्थिति उल्लेख गर्द बस दुर्गन्धित भएकाले बाहिरको मान्छे भित्र पत्ता ह्वास गन्ध ह्वयाएर वान्ता भएको भन्दै घरतिर लाग्दछन्।

'शूरवीरहरूको नरकयात्रा' निबन्धले नेपालीको मित्रता, उनीहरूको भावना, धैर्यता, सहनशीलता, दुःखमा पीडामा पनि हाँसो भित्र्याउने प्रवृत्ति उदाहरणीय रहेको पुष्टि गरेको छ। थर्कमान भएर कष्टपद रूपमा यात्रा गरी राजधानी बाहिरबाट आउँदा भोग्नु परेको कठिनाइले हाँसो मिसाइ सरल बनाउन खोजपनि हाँसो लामो समय रहदैन। भय चिन्ता आसङ्कमा नै यात्रा हुन जान्छ। यात्रामा एकले अर्कोलाई सहयोगको वातावरण पनि रहँदैन। सबैमा वाक्क  ट्यारले सताएको हुन्छ। गर्भवती महिलालाई कठिन भएर बच्चानै झर्न जान्छ। जन्मिन पुग्छ। यसरी प्रताडित पूर्वक गरिएको यात्राको सम्पूर्ण अवस्था निबन्धकारलाई अध्ययनको विषय बनेको छ। हासोभित्र आँसु लुकाएर यात्रुहरूले यात्रा गरिरहेका हुन्छन्। यात्राको निश्चित गन्तव्य काठमाडौं त्रिपुरेश्वरमा समाप्त भएसँगै त्यसरी हायलका थलपूर्वक गरिएको यात्रामा यात्रुहरू वर्तमान अध्ययनमा कसरी रहेका होलान् साच्चै नै तीशखीरहरू नैचिए अहिले कुन अवस्थामा होलान् भन्ने जिज्ञासा कौतुहलता निबन्धकारमा रहेको छ। बाँचेका होलानया मुत्यु भइ सक्यो होला भन्ने कुरा निबन्धकारको मनमा खेलेको छ। यति भयानक यात्रा जसले आङ्नै सिरिङ्ग गराउन थाल्छ भन्ने भावमा अमलेखगंजदेखि काठमाडौंसम्मको सडकमार्ग बसयात्रा, बस सञ्चालन, यात्रा खेलाची तरिकाको हास्यादि स्थितिको रहेको कुरा सम्बन्धमा प्रष्टसँग प्रस्तुत गरिएको छ। निबन्धमा देखिएको हास्यभाव यस प्रकृतिको छ :

- खिटिक्क भयो कि त "छैन मायालु" धुइँय गरेर
- नकसेको वाक्क नकसैको तिर
- ह्वाङ्ङ पेटको सम्पूर्ण सामग्री
- हठात् हिक्क एक हिक्का
- पेटमा मल्लयुद्ध सुरु
- रितोभाडाको टङकार वाक् वाक्को हुङ्कार
- सेठले कुकुरलाई कारोबार सबैथोक भन्नु
- तुरुन्तैखायो तुरुन्तै निकाल्यो।

**व्यङ्ग्यभाव**

"शूरवीरहरूको नरक यात्रा" निबन्ध हास्यमा व्यङ्ग्यभाव तीव्र रहेको एक सशक्त निबन्ध हो । नेपालीहरूको स्वभाव, उनीहरूको जीवनशैली, संस्कृति सामाजिकीकरण विकास प्रतिको नीति, विकासी अवस्था त्यसको प्रयोग प्रणाली र स्थितिका सम्बन्धमा यात्रा सस्मरणात्मक रूपमा निबन्धकारले नियालेर लेखेको प्रतिष्ठत एवम् महत्वपूर्ण सारगर्भित निबन्ध हो । यहाँ निबन्धकार एक यात्रुका रूपमा समेत रहेकाछन् । सधैँ जसो हवाइजहाजको बाटो प्रयोग गर्ने लेखक पृथ्वी राजमार्ग खुलेपछि बस सञ्चालन भएपछि हवाइ जहाज भन्दा सडक मार्ग नै प्रयोग गर्नु उपयुक्त छ भन्ने ठानेर घर परिवारलाई खबर गरी यात्रा गर्छन् । दुर्घटना हुँदा बढी जोखिम रहेको हवाइ यात्रा भन्दा बसेको यात्रा सहज हुने भौलिक प्राकृतिक सुन्दरताको दृश्यावलोकन गर्दै यात्रा गर्न पाइने भाडादरमा पनि हवाइ जहाज भन्दा सस्तो हुने जनसम्पर्क र अनुभवलिन पाइने, ठाउँ गाउँसँग परिचित हुन सकिने यावत सम्भावना र सहजताले लेखेको वस यात्रा हुन्छ । बसयात्रा यात्रा जस्तो नभइ ठीक उल्टो हुनु पुग्यो । बसका चालकको बस चलाई, उनीहरूको अमानवीय व्यवहार नाफाखोरी सोचप्रति लेखक घोर आपत्ति जनाउँछन् । अमलेखगंजदेखि काठमाडौँ सम्मको यात्रामा याङ्गा हविगत देखेपछि सरकार, यातायात व्यवस्था, सडक अवस्था, यात्रु बस सञ्चालक सम्पूर्णलाई निकै घोचपेज गरिएको छ। विकासका नाममा कामचलाउनले दुर्घटना निम्लाउनेतर्फ सजगपनि गराएका छन् । निरन्तर वान्ता र छेरउटीले जलवियोजन भई मृत्यु हुने खतरा, गर्भवती महिलाले झक्याकेर झुकुक्कले बसमा नै बच्चा पाएको स्थितिले गर्दा अतिजोखिममा रहेको नेपालीको सडक यातायात र यसका सम्बद्ध पक्षहरूलाई व्यवस्थिति गर्न ध्यान दिन व्यङ्ग्यसँगै सुझाव समेत दिएकाछन् । यात्रा कै क्रममा आपसी छलफल, बहस, कुराकानीले विभिन्न पक्ष र पाटाको चर्चा परिचर्चा चलाएको छ। सहज र असहज केलाएको छ। त्यो सकसपूर्ण यात्रामा पनि हाँसो मजाकमा नै यात्रा गर्ने नेपालीपन अरूलाई दुःख, पीडा हुँदा हाँसोमा उडाउने प्रवृत्ति प्रति निबन्धकार व्यङ्ग्य गर्दछन् । नेपाली बजारमा भएको कालो बजारी यातायातले नाफा केन्द्री मात्रको सोच, सडक अवस्थाका सम्बन्धमा सरकारको वेवास्ता, यातायात व्यवसायीको मनोपली, जनतालाई दुःख नरकरूपी यात्राको बाध्यता, शूरवीर भएर नै यस्तो यात्रा गर्न सकेका हुन् अन्यथा नसक्ने सरकारसहित, यात्रु, यातायात, प्रणाली/व्यवस्थालाई कटु व्यङ्ग्य वाण निबन्धकारले वर्षाएका छन् । कुनै एक वृहत् कवि सम्मेलन भन्दै बसमा भएको बहस हल्लाखोर प्रतिको व्यङ्ग्य, पहिले कहाँ सोचेको थिएर मेरो यात्रा नरक यात्रामा परिणत हुने छ भन्ने कुरालाई स्वयम् यात्रा प्रति व्यङ्ग्य तै तै काठमाडौँ किन पुऱ्याउँदछस् मोटर बाटोको हविगत प्रति व्यङ्ग्य, सुक्त झिमफेदीबाट पसेको फुत्त थानकोट निस्केको कल्पनात्मक रूपमा सडक योजनाप्रति व्यङ्ग्य जाबो नौ कोसको बाटोलाई घुमाउँदा घुमाउँदा पचास कोसको बनाउनुले सडक निर्माण प्रति घोर आपत्ति एवम् पालुङ्मा जलदूतले खानै दिन भन्ने अभिव्यक्तिले बस चालक यमदुत नै भएको यात्रा नरककै भएको तर पनि यात्रु यस्तो परिस्थितिको यात्रा गर्दा साच्चै शूरवीरनै रहेको भनी निबन्धकार व्यङ्ग्य गर्दछन् । विकासको नाममा जनताको जिउधनको नास गर्ने विकासप्रति सरकारको तीव्र आलोचना गर्दछन् । विकासेनामको भ्रमणमा जनता बाध्यकारी भएर दुख

भोगी रहेको दुख स्वीकारेको परिस्थिति प्रति पनि निबन्धकारको व्यङ्ग्य छ। मानवता नभएर दानवीय व्यवहारमा व्यवसाय सञ्चालन गर्ने बस व्यवसायी बस सञ्चालक, बस चालक, बल क्लिनरप्रति झनै कटु व्यङ्ग्य प्रहार भएको छ निबन्धमा आधा ज्यान हुने गरी यात्रा गर्ने वीर यात्रुप्रति यात्रा र जीवन, यात्रा र शरीरका सम्बन्धमा यथार्थता प्रस्तुत गर्दै ज्यानको लापरवाही गर्ने मानव जीवनकै अवमूल्य पशुवल व्यवहार प्रति समेत निबन्ध व्यङ्ग्य गरेको छ । भाडा, वान्ता, दिशा पिसावसँगै गरिएको यात्राले चेतनशील मानको चेतना हटाउन थालेकोमा समेत निबन्धले व्यङ्ग्य गरेको छ। अत्यन्तै दुःख कष्टका साथ यात्रा गराउने र आफ्नो आर्थिक लाज सँग मात्र सरोकार राख्ने अर्थ गरी सोचप्रति समेत निबन्धकार व्यङ्ग्य गर्दछन्। हाँसो भित्र हरेक क्षण व्यङ्ग्यको आभास रहेको छ। नेपालीहरू पीडामा पनि कति हसिला हुनपुग्छन् भन्ने ज्वलन्त उदाहरण पनि हो । यात्रामा कम्मर कसेका नेपालीहरू राजधानी काठमाडौँको यात्रामा रोमाञ्चक भएकोमा यात्राले सकस पैदा गरेपछि रमाइलोमा लागेका (केही ले यात्रा नगरी बसबाट ओर्लेर अर्को व्यवस्था गर्ने सोच राख्दा पनि बस चालकले नसुक्के झैं गर्नुले दानवीय मानिसकताको प्रस्तुति भएको छ। जसको पूर्ण विरोध पनि निबन्ध गरिएको छ। यात्रा जान्ने सबैको छन् तर दुःखमा साथ एकले अर्कालाई दिदैनन् । एकले अर्कोलाई होच्चाएर बोल्छन् । गिज्याएर बोल्छन् हेपेर वार्तालाप गर्छन् । तिरष्कृत भावमा अभिव्यक्ति राख्छन् यस्तो परिस्थितिप्रति समेत व्यङ्ग्य गरिएको छ। मानव जीवन आफैँमा चेतनशील प्राणी हो। चेतनशील व्यवहार गर्नु पर्दछ अचेतन व्यहारले दुःख नै पाउँछ। यस्तो नाजुकपनको अन्त्यमा लागि पनि निबन्धमा हास्यभित्र व्यङ्ग्य उच्च रूपमा देखा परेको छ। यही व्यङ्ग्यले उचित सन्देश शिक्षासमेत दिएको छ।

- कुनै एक बृहत् कवि सम्मेलन
- कालोबजारी
- मुनाफा केन्द्री
- सुत्त झिमफेदीबाट पसेको फुत्त थानकोट निस्कने
- नरक यात्राको परिणत
- तै तै काठमाडौँ किन पुऱ्याउँछस्, भिडबाट खसाइदे
- मोटर बाटो खुलेकोले अब अरूकिन चढ्ने
- शूरवीरहरूले भरिभराउ
- भ्रातृत्वको भाव
- सरकार बाहिरको कुनै राजनीति
- हिन्दु स्थानको बाटो तट बनाएको हो
- बहादुरले जमपुरीको यात्रा गरेसरह
- यस जमातमा एउटै महारथी

## यात्राचेत

एक दिनको यात्रामा 'शूरवीरहरूको नरक यात्रा' स्मरणीय रहेको छ । निबन्धकार त्यो दिनको यात्रा स्मरण गर्दै व्यक्तिबेला यात्रा गर्ने यात्रु हाल कहाँ होलान् ? के गर्दै होलान् भनेर सम्झदै गरेको स्थिति रहेको छ। समग्रमा यात्रा संस्मरणको यो निबन्धमा वास्तविक यात्रा चेतको कमी नै रहेको छ। यात्राका लागि तय गरिएको मार्गको निर्माण अवस्था निर्माण गर्ने सरकार त्यस्तो बाटोमा जवरजस्ती बस सञ्चालन गर्ने बस सञ्चालक, बस चालक, बसको क्लिनर, बस व्यवयासी र स्वयम् यात्रा गर्ने सर्वसाधारण यात्रुमा नै यात्राका बारेमा ज्ञान नभएको स्थिति देखिन्छ । कच्ची बाटोमा ठेलमठेल यात्रु कोचेर, यात्रुका दुःख पीडालाई वास्ता नगरेर बसमा बसाएपछि निश्चित ठाउँमा पुऱ्याउनसँग मात्र सरोकार राख्ने बसचालक र क्लिनर र बाटोको पूरावस्थामा नै बस चलाउन अनुमति दिएर रमिते बन्ने सरकार जोखिमपूर्ण यात्रामा सहभागी यात्रु यात्रा चेतमा कमजोर नै रहेको देखिन्छ। यात्रा आरामदायी हुनपर्छ। डररहित हुनुपर्छ। यात्रा रोमाञ्चक हुनुपर्छ। यात्राले मनोरञ्जम दिन सक्नुपर्छ भन्ने ज्ञानको समेत सिकाइ गरेको छ। यो यात्रा जेलयात्रा, नरकयात्रा जस्तो भइदिएर सबै यात्रुमा छटपटी नै बढी मात्रामा देखिएको छ। उनीहरू दुःख, पीडा सहेर, यात्राका क्रममा भएका अन्याय पूर्ण व्यवहार सहरे नै यात्रा गरिरहेकाले यात्राचेतको प्रयोग हुन सकेको छैन। आधा ज्यानसम्म हुनुपुगेको यात्रालाई सहज र सरल बनाउन सरकार, बस सञ्चालक, बस चालक, क्लिनर यात्रु यात्राका सम्बन्धमा जानकर हुनुपर्छ। यात्रुलाई सुविधा नदिएर दुःख दिएर पैसा अर्थात् भाडासँगसम्बन्ध राखेर मानवता हराएर गरिएको व्यवहारले यात्राचेत नरहेको पुष्टि हुन्छ। यात्रा सहज नभएकाले सरकार बस व्यवसायी, बस चालक यात्राको मर्म बोध गर्न सक्ने हुनुपर्छ। आफूले पनि आरामदायी यात्राको मर्म बोध गर्नसक्ने हुनुपर्छ। आफूले पनि आरामदायी यात्रानै रोज्नुपर्छ। अन्यथा यात्राले ज्यान नै लिने खतरारहन्छ। यसतर्फ सजग हुनुपर्छ। यात्राका सम्बन्धमा गारिएको सरल व्याख्या, सरल बुझाइ, हलुङ्गो व्यवहार हेलचेक्राई पनले नै सम्बद्ध कोही पक्ष पनि यात्राप्रति सहज नरहेको प्रष्ट हुन्छ । यसरी हेलचेक्राई गर्दा जिउ धनको नोक्सान हुन्छ। तनावमा गरिएको यात्रा राम्रो हुँदैन । केवल पैसामा सीमित भएर यात्रुका पीर अर्काको ख्याल नगरी गाडी हुइक्याए यात्रुलाई भनेको ठाउँमा पुऱ्याइदिनु मात्र सबै थोक होइन । यात्रुले रोक ओर्लन्छौ भन्दा पनि नटेरी एकोहोरपनले बस व्यवसायी, बसचालक यात्रु ज्ञानबाट अछुतो रहेको समेत स्पष्ट हुन्छ। सम्बद्ध सबैमा यात्राका सम्बन्धमा ज्ञान अभाव नै रहेको छ। यात्रा चेत/ज्ञान भएको भए यस्तो नरक यात्रा नै हुँदैनथ्यो । यात्रा यसरी धपेडीमा गर्ने गराउने होइन । यो मनोरञ्नापूर्वक सरल ढङ्गले गर्नुपर्दछ। भन्ने सन्दर्भ प्रभाहमासमेत निबन्ध सफल भएको छ।

## यात्रा चेतकको स्थिति

- पीडादायी यात्रा
- दुःख दायी यात्रा
- सकसपूर्ण यात्रा

- मृत्युवत यस्ता
- चिन्ताजक यात्रा

## निष्कर्ष

निबन्धकार केशवराज पिँडालीद्वारा लिखित 'शूरवीरहरूको नकर यात्रा' निबन्धकारको यात्रा स्मरणात्मक निबन्ध हो । निबन्धकारले नेपालको विकास प्रणाली, राज्यको शासन व्यवस्था जनताको चेतना जनजीविका, नेपाली मनोभाव, सामाजिकीकरण, सांस्कृतिकपन मनोवैज्ञानिक अवस्थाका सम्बन्धमा खुलस्त पारेका छन् । प्रस्तुत निबन्धमा निबन्धकार नेपालीपन शूरवीरहरूकोपन रहेको नै उल्लेख गर्दछन् । पहाडी बाटो जटिल अवस्था, कच्ची सडक अव्यस्थित यातायात व्यवस्थामा पनि लामो दुरीको यात्राका लागि उत्साहित भएर यात्रा गर्ने यात्रु महानुभाव जनताको दुःख, पीडा जनतालाई सुशासन, जनतालाई सुविधाभन्दा पनि फाइदा केन्द्रित भएर सास्ती दिने प्रवृत्तिको धोर व्यङ्ग्यको प्रस्तुति नै यस निबन्धको मूलमर्म हो ।

यात्रा असहज रहेको छ। तथापि यात्रुहरू एक आपसमा चिनापर्ची गर्दै आत्मियता बढाउँदै जान्छन् । यो नेपाली सामजिकीकरण र सांस्कृतिक प्रवृत्ति ठहरिन्छ। अर्को तर्फ एकले अर्काको पीडालाई टुलुटुल हेरिहरने, अर्काको पिडामा हाँस्ने स्वभाव पनि विचित्रको भएको प्रति आपत्ति जनाएका छन् । यात्रा कठिन हुँदा पनि सहरे यात्रा नै गरिछाड्ने यात्रा जोखिम पूर्ण हुँदा पनि यात्रा नै गर्ने त्यो साहस निकै शुरिलो जोशिलो भएको समेत उल्लेख गर्नु निबन्धको अर्को बलियो पक्ष हो । पीडादायी यात्रा गर्ने ती यात्रु सबै शूरवीर नै रहेका छन् भन्ने भाव व्यक्तसँगै जोखिमपूर्ण यात्राबाट सजक हुनुपर्ने सन्देश व्यक्त भएकोछ ।

नजिकबाट यात्राको सम्पूर्ण वस्तु स्थिति केलाउँदै अघि बढेका निबन्धकार बाहेक सबै यात्रु अमलेखगंज देखि काठमाडौं सम्म आइपुग्दा शिथिल छन् । यस्तो यात्राको दयनीय स्थिति उजागर गर्नु निबन्धको उद्देश्य ठर्हछ । मानवीय भावना नराखी जवरजस्ती दुःख मानै यात्रा गराइ छाड्ने बस चालकको व्यवहार घुमाउरो सडक, यात्रा नगरी बीचमानै आर्लेर जाने यात्रुको भावनाको पनि कदर नगरी जसरी पनि काठमाडौं सम्म गैर जिम्मेवारीका साथ पुऱ्याइ छाड्ने र आफ्नो बसभाडाको कर्तव्य पुरा गर्ने बस चालक, क्लिनको मनोविज्ञान देखाउनु समेत निबन्धको ध्ययेे हो । यातायात क्षेत्रमा रहेको अव्यवस्थित अराजक प्रवृत्तिको निन्दा यसका सरकार मुखदर्शक बनेको विडम्बना यात्रुले पीडापूर्वक गर्नुपर्ने यात्राका सम्बन्धमा खुलेर स्प्रष्ट पारिएको निबन्ध हो । यात्रा पश्चात सस्मरणमा रहेका यात्राका यात्रुको अहिले अवस्था कस्तो होला भन्ने परिकल्पनामा निबन्धकारको यो यात्रा नरकको यात्रा भएको सौभाग्यले सबै सकुशल काठमाडौंसम्म आइपुगेको प्रति आश्चर्य बोध गर्दछन् । गर्भवती महिलाको दयनीय अवस्था, बसमा नै शिशुको जन्मदिन बाध्य भएको स्थितिले गर्भवतीको पीडा, यात्रुले भरिने, बाँचिनेको विना ढुङ्गोको डरले गरेको त्यो यात्राका यात्रु शूरवीर नै भएको र यस्तो नारकीय यात्रा गर्न

विवश गराउने सम्बद्ध सम्पूर्ण पक्ष यमराजका प्रतिनिधि नै भएको भन्दै व्यङ्ग्य गरिएको निबन्ध हो । निबन्धकार निबन्धकार माध्यमबाट यस्तो यात्रा सञ्चालन र यात्रा गर्न सम्बद्ध पक्षलाई सहज र सचेत रहन आह्वान समेत गर्दछन् । पीडामा हाँसो देखाएर सहन बानी परेका नेपाली बानी र दुःखमा नै रमाउन खोज्ने प्रवृत्ति, बाध्यतामा मजबुरी हुनु पर्ने स्थिति प्रति सम्बद्ध सरोकारवालालाई हास्यव्यङ्ग्यका माध्यमबाट पाठ सिकाइएको हो । सडक यात्राको वास्तविकता प्रकट गर्न सफल रहेको यो अत्यन्तै उत्कृष्ट निबन्ध हो ।

## सन्दर्भसामग्री सूची


ओझा, रामनाथ (२०७१) *आधुनिक नेपाली निबन्ध र समालोचना,* पाठशाला पब्लिकेसन प्रा.लि. ।

चापागाई पोषणरमण (२०५८), *पश्चिम अष्ट्रेलियाको यात्रा संस्मरण सेरोफेरो पर्थको,* प्र.प्र ।

पिँडाली, केशवराज (२०३९) *खै खै,* साझा प्रकाशन ।

बराल, इश्वर (२०५५), *नेपाली साहित्य कोश,* नेराप्रप्र ।

भण्डारी, पारसमणि र अन्य (२०६५), *नेपाली नाटक एकाङ्की र निबन्ध,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।